REMIT HYDRO LIMITED
रेमिट हाइड्रो लिमिटेड
Regd No. 129557/071/072

Remit Hydro Ltd.
Maharajgunj, Kathmandu

Tel.: 977-1-4424954, 4430986
Email: info@remithydro.org.np
Website: www.remithydro.org.np


# छैठौं बार्षिक साधारण सभा सम्बन्धी सूचना

**रेमिट हाइड्रो लिमिटेड**

**महाराजगञ्ज, काठमाडौं**

**(प्रथम पटक प्रकाशित मिति २०७७।०९।०७)**

आदरणीय शेयरधनी महानुभावहरु,

यस कम्पनीको मिति २०७७।०९।०६ गते बसेको सञ्चालक समितिको ११८ औं बैठकको निर्णय अनुसार यस कम्पनीको छैठौं वार्षिक साधारण सभा देहायका विषयमा छलफल तथा निर्णय गर्न निम्न मिति, समय र स्थानमा बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी एवं उपस्थितिको लागि कम्पनी ऐन, २०६३ को दफा ६७ तथा कम्पनीको नियमावली, २०७१ को नियम १८ को उपनियम (४) बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

**साधारण सभा बस्ने मिति, समय र स्थान**

१) मितिः २०७७।०९।२८ गते मंगलबार (१२ जनवरी २०२१) ।
२) समयः अपरान्ह ३:०० वजे ।
३) स्थानः कम्पनीको कार्यालय, महाराजगञ्ज, काठमाडौं ।

**छलफलका विषयहरुः**

**(क) साधारण प्रस्तावः**

(१) आर्थिक बर्ष २०७६/७७ को सञ्चालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहित २०७७ आषाढ मसान्तको वासलात, आर्थिक बर्ष २०७६/७७ को नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण सहितका वित्तीय विवरणहरु उपर छलफल गरी स्वीकृत गर्ने ।

(३) श्री महालेखापरीक्षकको कार्यालयबाट परामर्श प्रदान गरिए बमोजिम चालु आर्थिक बर्ष २०७७/०७८ को लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

(४) स्वतन्त्र व्यवसायीक सञ्चालकहरुको नियुक्ती गर्ने ।

**(ख) विशेष प्रस्ताव**

(१) कम्पनीको अधिकृत पूँजिबृद्धि गरी प्रवन्धपत्रमा आवश्यक संसोधन गर्ने सम्बन्धमा ।

**(ग) विविध ।**

आज्ञाले,

प्रमुख कार्यकारी अधिकृत
रेमिट हाइड्रो लिमिटेड

REMIT HYDRO
रेमिट हाइड्रो लिमिटेड